# प्रबन्धकाव्य: परिचय

**प्रा. वासुदेव थापा**

*कालिपदा घोष तराई महाविद्यालय, बागडोगरा।*



Made with GAMMA

# वाङ्मयका विविध विधा

1 विश्वव्यापी मनोविनोद

वाङ्मयका विविध विधा उपविधाहरू विश्वव्यापी रूपमा मानिसका शैक्षिक वा बौद्धिक मनोविनोद तथा मनोरञ्जनका निम्ति सृष्टिँदै र फष्टिँदै आईरहेछन्।

2 चेतनशील प्राणी

चेतनशील भएकाले मानिस कुनै न कुनै कुरामा संलग्न नरही, नअल्झिई वा नअल्मलिई रहन सक्दैन।

3 सौन्दर्य र मनोरञ्जन

मानिस सदैव सकसके स्वभावको प्राणी भएकाले अनि सौन्दर्य एवं मनोरञ्जनमा रत्तिनु उसको जन्मजात स्वभाव रहिआएकाले नै आज मानव जगतले विविध किसिमका विपूल कला र संस्कृति (विकृति पनि) अर्जेको छ।

4 विश्वभरी पाइने कला

आज विश्वभरी पाइने लोक र आधुनिक कला, संस्कृति र साहित्य यसका प्रतिफल वा परिणाम हुन्।



Made with GAMMA

# साहित्यको व्यापक अर्थ

### कला र संस्कृति


व्यापक अर्थमा साहित्यले यिनै कला र संस्कृति सम्बद्ध समग्र वाङ्मयलाई समेट्ने हुनाले विविध शास्त्र वा विज्ञान अनि कलासित सम्बद्ध यावत कुरा साहित्य वा वाङ्मय (लिटरेचर) भित्र पर्छन।

### साहित्यको अर्थ सङ्कुचन

तापनि आज साहित्यलाई वाङ्मयका विविध विधा मद्धेको एउटा विधा अन्तर्गत मात्र समेट्ने चलन चलेको छ। अर्थात अर्थ सङ्कुचन हुँदै आएर आज साहित्यले केवल कविता, आख्यान, नाटक, निबन्ध आदि ललितकला अन्तर्गतका साहित्यविधालाई मात्र बुझाई आएको छ।

### वास्तविकतातिर लम्कने सम्भावना

समय अनुरूप यसले वास्तविकतातिर लम्कने सम्भावनालाई भने नकार्न सकिन्न।





# साहित्य र काव्य

1

### पर्याय शब्द

साहित्य र काव्य एका\-अर्काका पर्यायका रूपमा प्रचलनमा आएका शब्द हुन।

2

### दृश्यकाव्य र श्रव्यकाव्य

प्राक्\-भारतीय साहित्य\-समीक्षकहरूले साहित्य वा काव्यलाई दृष्यकाव्य र श्रव्यकाव्य गरी मूलतया दुई विभागमा विभाजन गरेका छन।

3

### पाठ्यकाव्यको विकास

पछि आएर पर्याप्त मात्रामा छापाखानाको विकास, साहित्यको पर्याप्त प्रचार\-प्रसार, सर्वसाधारण सम्म शिक्षाको प्रचार\-प्रसारादि पुग्न थालेपछि वा सर्वसाधारण सम्मले पढेर समेत आनन्द लिन थालेपछि काव्य दृश्य र श्रव्यमात्र नरहेर पर्याप्त मात्रामा पाठ्यकाव्य बन्न पुगेको छ।

4

### अभेद सम्बन्ध

त्यतिमात्र नभएर नाटक आदि दृश्यकाव्य अन्तर्गतका विधा पनि पाठ्य र दृश्य दुवै प्रकारले उपयोग गर्न सकिने भएकाले अनि पाठ्य वा श्रव्यकाव्यलाई पनि बिभिन्न किसिमका (मञ्चमा नाटक गरेर वा हेरेर, टि.भि.मा चलचित्र र धारावाहिक आदिका माध्यमद्वारा हेरेर\-सुनेर पनि मनोरञ्जन गरिने हुनाले) तकनीकीहरुद्वारा दृश्यकाव्यवत बनाई दृश्य श्रव्य वा पाठ्य सवै थरीका काव्य वा साहित्यलाई सवैले सवै\-किसिमबाट आस्वाद गर्न सक्ने विकल्प रहेकाले अभेद संबन्ध देखिन पनि थालेको छ।

Made with GAMMA

# प्रबन्धकाव्यको अर्थ

### प्रबन्ध शब्दको अर्थ

प्रबन्धकाव्य प्रबन्ध र काव्य शब्दको मेलबाट बनेको शब्द हो। बाँध्नु अर्थमा रहेको बन्ध् धातुमा प्र उपसर्ग र घञ् प्रत्यय (अनुबन्धको लोप भई बाँचेको अ) लागेर बनेको शब्द हो प्रबन्ध।


### काव्य शब्दको अर्थ

वर्णन गर्नु अर्थमा रहेको कवृ धातु अथवा शब्द गर्नु अर्थमा रहेको कुङ् धातुबाट बनेको कवि शब्दमा विशेषणमूलक ण्यत् (अनुबन्धको लोप भई बाँचेको य) प्रत्यय लागेर कवि+य र व्याकरणिक नियम अनुसार आदिवृद्धि (शुरुको वर्ण बड्नु जस्तै क-को का हुनु) सँगै स्वरमात्रा कवि-को इ र अ लुप्त भई (वि-को इ हटाऊँदा व र व-को अ हटाऊँदा व् बाँच्छ) काव्+य = काव्य बनेको हो।

### प्रबन्धकाव्यको अर्थ

यसरी प्रबन्ध र काव्य दुवैलाई मिलाएर अर्थ लाउँदा कुनै आख्यान\-वस्तु वा कथातन्तुलाई विच्छिन्न हुन नदिई तारतम्य वा प्रबन्ध मिलाई कलात्मक वा छन्दलयात्मक रूपमा बुन्दै लगीऽ बीट मारिएको सिङ्गो वा स्वतन्त्र विधाको काव्यलाई प्रबन्ध\-काव्य भनेको बुझिन्छ।

Made with GAMMA



# प्रबन्धकाव्यको विधा\-विश्लेषण

### कथावस्तु

अथवा एउटै कथावस्तुमा आधारित तथा त्यस मूल कथावस्तुसित संबन्धित अन्य सहयोगी कथानक पनि रहेको, सोही अनुरूपका मूल अनि सहायक चरित्रहरु पनि रहेको, शुरुदेखि अन्त्यसम्म त्यस कथानकलाई विधिवत वा ढाँचागत रूपमा बुन्दै लगी प्रापकलाई सन्तुष्ट तुल्याई टुङ्ग्याइएको सिङ्गो काव्यविधालाई प्रबन्धकाव्य भनिन्छ।

### चरित्र

नाटकमा झैँ प्रबन्धकाव्यमा पनि कथावस्तु बुन्न पञ्चसन्धिको क्रमिक रुपमा पालना गरिन्छ। अर्थात आरम्भ, यत्न, प्राप्त्याशा, नियताप्ति हुँदै फलागम\-सम्म पुर्‍याउने पाँचवटा कार्यावस्था, बीज, बिन्दु, पताका, प्रकरी, कार्य गरी पाँचवटा अर्थ\-प्रकृति र तिनिहरूलाई क्रमैसित जोड्ने मुख, प्रतिमुख, गर्भ, विमर्ष र निर्वहण नामक पाँचवटा सन्धि (पञ्चसन्धि)-ले नाटकमा झैँ प्रबन्धकाव्य (महाकाव्य, खण्डकाव्यादि)-मा पनि कथावस्तु बुन्न वा तिनको ढाँचा निर्माण गर्न दरो टेवा पुर्‍याउने गर्दछ।

### समय र स्थान

आजकल कथानकलाई आरम्भ, विकास, चरम\-उत्कर्ष र परिसमाप्ति, अथवा कथानकको आदिभाग, मध्यभाग र अन्त्यभाग गरी सहजतया कथानकको विकासलाई केलाउने चलन चलेको छ तापनि उक्त पञ्चसन्धि जत्तिको वैज्ञानिक वा युक्तिसङ्गत तत्व अरु भेटिन्न।

### ढाँचा र स्वरूप

आजका विशालकाय उपन्यास आदिका निम्ति पनि पञ्चसन्धि उत्तिकै उपयोगी तत्व सिद्ध हुँदछ। अर्थात प्रबन्धकाव्य (महानतम काव्य, महाकाव्य, खण्डकाव्य –गीतीकाव्य, ऋतुकाव्य आदि सहित) उपन्यास, पूर्णाङ्की नाटक आदि स्वतन्त्र वा सिङ्गो विधाका कथानकलाई आरम्भदेखि चरम\-उत्कर्ष र फलप्राप्तिसम्म पुर्‍याउँन कुनै न कुनै गौँडामा बिसौँनि जरूरी हुन्छ।

Made with GAMMA



# प्रबन्धकाव्यका प्रकार

| | | | | | |
|---|---|---|---|---|---|
| महानतम काव्य | महाकाव्य | खण्डकाव्य | उपन्यास | नाटक (पूर्णाङ्की) | चम्पूकाव्य |

Made with GAMMA



# महाकाव्यको अर्थ

## महान र काव्य

महाकाव्य महान र काव्य दुई शब्दको संयोगले बनेको काव्यविधा बोधक शब्द हो। कविको कर्म वा कार्यलाई काव्य भनिएको र त्यसमा महान विशेषणमूलक शब्द लागेर बनेको शब्द भएकाले महान कविको महान कार्य भन्ने अर्थ महाकाव्यले दिँदछ।


## महाकाव्य निर्माण

अर्थात माकाव्य निर्माण कविको सर्वाधिक महान कार्य हो, चुनौतिपूर्ण कार्य हो। कविलाई काव्यात्मक महानता वा श्रेष्ठताको दर्जा दिने सर्वाधिक कसौटीपूर्ण कुनै विधा छ भने त्यो प्रथमतः महाकाव्य नै हो।

## महाकाव्यको उच्च दर्जा

हुन त पूर्वीय मनीषीहरुले नाटक (पूर्णाङ्की) र महाकाव्यमा त्यति अन्तर नदेखाएकोले महाकाव्यकै दाँजोमा नाटक पनि रहेकै छ, तर समयक्रम अनुरूप नाटकको आकार घट्दै गैरहेको र महाकाव्य यथावतै रहिरहेको साथै महाकाव्यमा छन्दोमयता वा लयमयताको अनिवार्यता रहिआएको अनि छन्दसँगै अलङ्कारादिको पनि समावेश रहने हुनाले काव्यकसीका हिसाबले महाकाव्यलाई उपल्लो दर्जाको काव्यविधा वा साहित्यविधा अझसम्म मानिएकै छ।

Made with GAMMA



# महाकाव्यको लक्षण

1 सर्गबद्धता

सर्गबद्धो महाकाव्यं महतां च महच्च यत् ।

2 चरित्र

अग्राम्य शब्दमर्थञ्च सालङ्कारं सदाश्रयम् ।।

3 रस

मन्त्र\-दूत\-प्रयाणादि नायकाभ्युदयञ्च यत् ।

4 पञ्चसन्धि

पञ्चभिः सन्धिभिर्युक्तन्नातिव्याख्येयमृद्धिमत् ।।

Made with GAMMA

# महाराणाप्रताप महाकाव्यको संरचना\-विश्लेषण

1

## पृष्ठभूमि

महाराणा प्रताप महाकाव्य लेखन तथा प्रकाशनका क्रमले देवकोटाको तेश्रो महाकाव्य\-कृति हो। विक्रमी सम्वत २००३ अथवा सन् १९४६ मा लेखिएको र वि. सं. २०२४ वा सन् १९६७ मा नेपाल सांस्कृतिक सङ्घले प्रकाशित गरेको मझ्यौलो आकारको महाकाव्यात्मक कृति हो महाराणाप्रताप।

2

## विषयवस्तु

महाराणा प्रताप भारतीय स्वतन्त्रतासंग्रमी भारतीय इतिहास प्रसिद्ध बीर सपूत वा बीर पुरुष महाराणा प्रताप सिंहको यथार्थ जीवन\-चरित्रमा आधारित महाकाव्य हो।

3

## चरित्र

महाराणा प्रताप यस महाकाव्यका मूल नायक हुन अनि मुगलसम्राट अकबर यस महाकाव्यका प्रमुख प्रतिद्वन्दि पात्र वा खलनायक हुन।

4

## परिवेश

मुगलकालीन भारतीय परिवेशमा आधारित कथावस्तु र चरित्र सरह यसको परिवेश पनि तदनुरूप नै रहेको छ। प्रथम सर्गको मङ्गल आचरणमा रहेको प्रतापी बीर देवीदेवता आदिले समेटेको परिवेशलाई पन्साईदिँदा समग्र महाराणा प्रताप महाकाव्य भारतको मद्ध्यकालीन मुगल साम्राज्यमय परिवेशमा समेटिएको छ।

5

## काव्यशैली

शैलीपक्ष साहित्को एउटा छुट्टै पाटो हो। शैलीमा साहित्यको वाह्य, कला अथवा रूप\-पक्षमा पर्ने काविको भाषा र लेखन\-शैली, लय, छन्द, अलङ्कार, प्रतीक, बिंब आदिसित संबन्धित यावत तत्व रहने हुनाले यहाँ सवैलाई खुट्याई तिनकै आधारमा यस महाकाव्यको साधारण विश्लेशण गरिन्छ।

6

## उद्देश्य

माथि विषयवस्तु र चरित्रमा जनाए अनुरूप महाराणा प्रताप महाकाव्य महान वा उदात्त उद्देश्यले लेखिएको चरित्र-प्रधान महाकाव्य (Heroic Poetry)-हो। हिन्दुस्थानका प्रख्यात बीर-योद्धाको जीवन-प्रसङ्गलाई आधार बनाई तिनको चरित्रलाई नेपाली-भाषी जनमानसमा पनि प्रतापी प्रताप, पराक्रम, सूरता, बीरता, स्वत्व वा निजत्व, स्वाभिमान, स्वतन्त्रता आदिको भाव सन्चार गर्न जरूरी लागेर लेखिएको कृति हो।

Made with GAMMA